# जडिबुटी प्रशोधन केन्द्रको स्थापना तथा संचालन कार्यविधि निर्देशिका , २०७६

## प्रस्तावना

राष्ट्रिय वन नीति, २०७५ ले उच्च मूल्यका, संकटापन्न, दुर्लभ तथा लोपोन्मुख प्रजातिका वनस्पति र जडिवुटीको पहिचान, दीगो संकलन, पुनरोत्पादनको सुनिश्चितता, प्रविधि विकास, व्यवसायीकरण र वजारीकरण गर्न समुदाय तथा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने व्यवस्था गरेको छ । यसै गरी महत्वपूर्ण जडिबुटी एवं गैरकाष्ठ वन पैदावारको दीगो संरक्षण र विकास तथा व्यवसायीकरणको लागि प्राकृतिक अवस्थामा रहेका स्रोतमात्र पर्याप्त नहुने भएकोले कवुलियती वन, सामुदायिक वन तथा अन्य निजी एवं समूहगत रुपमा जडिबुटी एवं गैरकाष्ठ वन पैदावारको खेतीका लागि प्रोत्साहित गरिने साथै यस्तो कार्यमा गरिवीका रेखामुनी रहेका व्यक्तिहरुलाई विशेष प्राथमिकताका साथ अधिकतम लाभ हुनेगरी जनसहभागिता जुटाइने प्रावधान पनि नेपाल सरकारले राखेको छ ।

देशमा पाइने महत्वपूर्ण जडिवुटीहरु एकातर्फ घट्दो क्रममा रहेका छन् भने अर्को तर्फ संकलित जडिवुटीहरु समेत कच्चा पदार्थको रुपमा नै विदेश निर्यात हुने अहिलेको अवस्थाले देशले यो महत्वपूर्ण क्षेत्रबाट पर्याप्त लाभ लिन सकेको छैन। यसै अनुरुप महत्वपूर्ण जडिबुटीहरुको प्रशोधन देश भित्र नै गर्दै जडिवुटीको मूल्य अभिवृद्धि गर्ने र दीर्घकालीन रुपमा देश भित्र नै नेपाली जडिवुटीमा आधारित वस्तु उत्पादन गर्दै सामाजिक गरीबी न्यूनीकरण र समतामूलक विकासमा समेत सघाउ पुर्याउने योजना रहेको सन्दर्भमा सो कार्यक्रम संचालन प्रकृयालाई सहज व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक भएकोले वन तथा वातावरण मन्त्रालयले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद १-

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम " जडिवुटी प्रशोधन केन्द्रको स्थापना तथा संचालन कार्यविधि निर्देशिका, २०७६ रहेको छ ।

(ख) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२.परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

(क) "जडिवुटी" भन्नाले औषधीय महत्व भएको वनस्पतिलाई सम्झनु पर्दछ ।

(ख) "कार्यक्रम" भन्नाले जडिवुटी प्रशोधन केन्द्रको स्थापना तथा संचालन सम्वन्धि कार्यक्रम सम्झनु पर्दछ ।

(ग) "समूह" भन्नाले स्थानीय तहहरुमा रहेका वा गठन हुने उपभोक्ता समूह वा लाभग्राही समूह वा वन उपभोक्ता समूह वा सहकारी ऐन २०४८ अनुसार गठन भएकोसहकारी, कृषक समूह समेतलाई सम्झनु पर्दछ ।

(घ) "पकेट भन्नाले जडिबुटी विशेष क्षेत्र भित्रको सबैभन्दा सानो र प्रथम तह बुझाउँछ, जसमा जडिबुटी उत्पादनको लागि असल खेती विधि पालना गरेर जडिबुटीको खेती गरिनेछ।

(ङ) "ब्लक" भन्नाले जडिबुटी विशेष क्षेत्र भित्रको मध्यम र द्वितिय तह बुझाउँछ, जसमा जडिबुटीको खेती गरिनुका साथै जडिबुटी संकलन केन्द्र रहनेछ।

(च) "जोन" भन्नाले जडिबुटी विशेष क्षेत्र भित्रको मध्यम र तृतिय तह बुझाउँछ, जसमा जडिबुटीको प्रशोधन केन्द्र रहनेछ।

(छ) "सुपरजोन" भन्नाले जडिबुटी विशेष क्षेत्र भित्रको ठूलो र चौंथो तह बुझाउछ, जसमा जडिबुटीमा आधारित वस्तु वा सामाग्री उत्पादन केन्द्र रहनेछ।

(ज) "मन्त्रालय" भन्नाले वन तथा वातावरण मन्त्रालय सम्झनु पर्दछ ।

(झ) "विभाग" भन्नाले वनस्पति विभाग सम्झनु पर्दछ ।

(ञ) "समिति" भन्नाले बुँदा ५ (१) बमोजिमकोकार्यक्रम कार्यन्वयन समितिसम्झनु पर्दछ ।

३ .**कार्यक्रमको उदेश्य :** यो कार्यक्रम देहायको उद्देश्य प्राप्तिको लागि संचालन गरिनेछ –

(क) प्रशोधनमार्फत जडिवुटीको खेति प्रवर्द्धन गर्ने रजडिवुटीको मूल्य अभिवृद्धि गर्ने ।

(ख)महत्वपूर्ण जडिबुटीहरुको प्रशोधन कार्यलाई प्रोत्साहन गरी दीर्घकालिन रुपमा देश भित्र नै नेपाली जडिवुटीमा आधारित सामग्री उत्पादन गर्ने र आय आर्जनको मात्रा बढाउने ।

(ग)जडिबुटीको व्यवसायिक खेती र प्रशोधन गर्नेनिजी क्षेत्र/सहकारी/संघ/संस्था/समूह लगायत समाजका पिछडिएका, बिपन्न र महिलावर्गहरुको सहभागितालाई बढावा दिइ दुर्गम तथा ग्रामीण क्षेत्रमा रोजगारी र आयआर्जनको अवसरहरु बढाउने ।

## परिच्छेद - २

## कार्य संचालन प्रक्रिया

४. **कार्य संचालनको लागि प्रस्तावित क्षेत्र :**(१) विज्ञ सहितको टोलीले तय गरेको र मन्त्रालय बाट स्वीकृत गरिएको जडिवुटी विशेष क्षेत्र रेखांकन (पकेट, ब्लक, जोन, सुपर-जोन) बाट तय गरिएको जोन क्षेत्र भित्र प्रशोधन केन्द्र स्थापनाको लागि उपयुक्त स्थानहरुको छनौट गरिनेछ ।जडिवुटी विशेष क्षेत्र रेखांकन गर्दा बुंदा नं २ अनुसारका तहहरु रहनेछन ।

(२) जडिवुटी क्षेत्र तहगत रुपमा पकेट (क्रमसः सानोबाट ठुलो), ब्लक, जोन र सुपरजोन रहने छन् । प्रत्येक तहको - विशेषता, संरचना र आवश्यकताको आधारमा निम्नलिखितकार्यक्रमहरु गरिनेछ–

- पकेट-असल खेती तथा संकलन विधि सहितको जडिबुटी खेती गर्ने/गराउने
- ब्लक-पकेट क्षेत्रमा गरिने कार्यहरुलाई यथावत राख्दै प्रत्येक ब्लक क्षेत्रमा एउटा संकलन केन्द्र रहनु पर्ने
- जोन- पकेट र ब्लक क्षेत्रमा गरिने कार्यहरुलाई यथावत राख्दै प्रत्येक जोन क्षेत्रमा एउटा प्रशोधन केन्द्र स्थापना गरिनुपर्ने

➢ सुपरजोन-पकेट ,ब्लक र जोन क्षेत्रमा गरिने कार्यहरुलाई यथावत राख्दै प्रत्येक सुपरजोन क्षेत्रमा जडिबुटीमा आधारित वस्तुहरु उत्पादन तथा निकासिमा टेवा पुऱ्याउने।

(३) जडिवुटी प्रशोधन केन्द्रको स्थापनाको लागि स्थान छनौट गर्दा (एक भन्दा बढी सम्भाव्य स्थान देखिएमा) तपसिल बमोजिमका आधारहरुमा रही स्थान छनौट गरिनेछ-

➢ औधोगिक क्षेत्र भित्रको स्थान भएमा

➢ सडक संजाल संग जोडिएको

➢ बिजुली वा अन्य उपयुक्त वैकल्पिक उर्जाको व्यवस्था भएको

➢ पकेट क्षेत्रहरुको लागि उपयुक्त र मुख्य बजार संग नजिक रहेको

५. **कार्यक्रम संचालन विधि :**(१) कार्यक्रम संचालनको लागि प्रभावकारी व्यवस्था मिलाउने, फिल्ड निरीक्षण गर्ने/गराउने, कार्यक्रमको अनुगमन तथा मूल्यांकन गरि/गराई प्रगति समिक्षा गर्नका लागि देहाय बमोजिमको कार्यक्रम कार्यन्वयन समिति रहनेछ –

| | |
|---|---|
| (क) उप-महानिर्देशक, वनस्पति विभाग | संयोजक |
| (ख) प्रतिनिधि, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| (ग) प्रमुख, योजना तथा अनुगमन शाखा | सदस्य |
| (घ) प्रमुख, आर्थिक प्रशासन शाखा | सदस्य |
| (ङ) प्रमुख, जडिवुटी प्रवर्दन शाखा | सदस्य सचिव |

(२)विज्ञ दलले सिफारिस गर्ने जडिवुटी विशेष क्षेत्र (जोन) क्षेत्र भित्र पर्ने गरि जडिवुटी प्रशोधन केन्द्र स्थापना गर्दा कार्यक्रम कार्यन्वयन समितिले निम्न कार्य प्रक्रिया अवलम्वन गर्नेछ

(२.१) उपयुक्त स्थानहरुको विवरण सम्वन्धित प्रदेश सरकार र स्थानीय तहलाई पठाउने।

(२.२) प्रदेश सरकार र स्थानीय सरकार सँगको छलफल र प्रतिनिधिको उपस्थितिमा तय गरिएका स्थानहरुको फिल्ड निरीक्षण गर्ने तथा सवै भन्दा उपयुक्त स्थान र वैकल्पिक स्थान छनौट गर्ने।

(२.३) प्रदेश सरकार वा स्थानीय सरकार बाट प्रशोधन केन्द्र स्थापनाको लागि स्थान सहमति र बजेटको अंश लगानी गर्ने सन्दर्भमा प्रतिवद्दता प्राप्त गर्ने।

(२.४) सम्वन्धित स्थानीय तहले प्रशोधन केन्द्र स्थापनाको लागि संचालन तथा व्यवस्थापन समिति गठन गर्ने, कार्य प्रगतिको लेखाजोखाको लागि अनुगमन समिति गठन गर्ने।

(२.५) सम्वन्धित स्थानीय तहले प्रशोधन केन्द्र स्थापना पछि संचालन र व्यवस्थापन गर्न, संचालन खर्चको लागि शुल्क तय गर्न, बजार व्यवस्थापन गर्न र अन्य उपयुक्त विधि अवलम्वन गर्नको लागि वनस्पति विभागको प्राविधिक सहयोगमा एउटा व्यवस्थापन समिति समेत गठन गर्ने । व्यवस्थापन समितिलाई विभागले आवश्यकता अनुसार प्राविधिक सहयोग प्रदान गरि वार्षिक कार्ययोजना तय गर्ने ।

६. आर्थिक कार्यविधि : (१) जडिवुटी प्रशोधन केन्द्रको स्थापनाको लागि संघिय सरकारको प्रतिनिधिको रुपमा रहेको वनस्पति विभागको लागत ८०% र केन्द्र स्थापना गरिने सम्वन्धित प्रदेश सरकार वा स्थानीय सरकारको लागत २०% रहनेछ। संचालन तथा व्यवस्थापन उत्पादन, मूल्य निर्धारण तथा बिक्रि वितरण संचालन तथा व्यवस्थापन समितिको निर्णयानुसार हुनेछ।

(२) आर्थिक कार्यविधि सम्वन्धि अन्य सम्पूर्ण शर्तहरु सम्झौता अनुसार रहनेछ।

(३) संचालन तथा व्यवस्थापन समितिले (सबन्धित स्थानीय तह र वनस्पति विभागसंगको समन्वयमा) नियम, विनियम, कार्ययोजना आदि दस्तावेजहरु तयार गरी लागू गर्न सक्नेछ।

७. आवश्यक पूर्वाधार तथा अन्य विवरण:

(१) जडिवुटी प्रशोधन केन्द्रमा तल उल्लेखित सम्पूर्ण पूर्वाधारहरु स्थापना गरिनुपर्नेछ।

(१.१) जडिवुटी सुकाउने यार्ड (Drying yards)

जडिबुटी (कच्चा, प्रशोधित, वस्तु ) को गुणस्तरमा वृद्धि गरि निर्यातमा सहयोग पुर्याउन जडिवुटी सुकाउने यार्डको निर्माण गरिनेछ जसमा खाल्ने, सफा गर्ने, ग्रेडिंग गर्ने र सुकाउने पूर्वाधार, जाली सहितको सुकाउने कक्ष वा कम तापक्रममा जडिवुटी सुकाउने आवश्यक सुविधा जडिवुटी सुकाउने यार्ड रहनेछ।

(१.२) भण्डारण गृह (Storage godowns)

सुकाएर प्रशोधनको लागि तयारी जडिवुटीहरुलाई अल्प र मध्यम समय सम्म राख्नको लागि हावा ओहोर-दोहोर हुने, ओस नपर्ने र खेति गरिएको स्थानबाट टाढा नपर्ने गरि भण्डारण गृहको निर्माण गरिनेछ।

(१.३) प्रशोधन इकाई (Processing unit)

खेति गरिने जडिवुटी प्रजातिको आधारमा प्रशोधन इकाई (धुलो पार्ने, तेल निकाल्ने आदि) स्थापना गरिनेछ। प्रशोधन इकाई स्थापना गरिने क्षेत्र सडक संजालमा जोडिएको हुनुपर्नेछ र बिजुली-बत्तिको पूर्वाधार सहितको हुनुपर्नेछ।

(१.४) माथि उल्लेखित पूर्वाधारहरुको स्पेसिफिकेसन तथा डिजाईन वनस्पति विभागले तय गरे बमोजिम हुनेछ।

(२) समुहले प्राप्त गरेको आर्थिक सहयोग सम्वन्धित क्रियाकलाप बाहेक अन्य क्रियाकलाप जस्तै प्रशासनिक खर्च, भ्रमण खर्च, समुहको छलफल तथा चियापानमा प्रयोग गर्न पाइने छैन।

८. बजेट सम्वन्धि व्यवस्था : (१) यस कार्यक्रमको संचालनको लागि आवश्यक बजेट नेपाल सरकारको वार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भए बमोजिम हुनेछ।प्रदेश सरकार र स्थानीय तहले समेत यस कार्यक्रममा विनियोजन गर्न सक्नेछन।

## परिच्छेद - ३

## कार्यक्रम अनुगमन तथा मुल्यांकन व्यवस्था

९. कार्यक्रम अनुगमन तथा मुल्यांकन : (१) कार्ययोजना अनुरुपको कार्य अनुगमन गर्न, शुल्क, बजार र अन्य व्यवस्थापकीय विवरणको सन्दर्भमा निरन्तर कार्य प्रगति जांच गर्न संघीय (विभाग) र प्रदेश (प्रदेश वन मन्त्रालय

बाट तय हुने) सरकारबाट समय समयमा अनुगमन गरिनेछ। प्रशोधनकेन्द्रको स्थापना, संचालन, कार्य बोझ र औचित्यको आधारमा प्रत्येक ५ वर्षमा तेस्रो पक्षबाट सम्बन्धित कार्यको नतिजाको लेखाजोखा गर्न र समस्या पहिचान गर्न मूल्यांकन गराइनेछ।

(२) यो कार्यक्रमको दीगो पनाको सुनिश्चितता सहितको प्रतिवद्धता र अपनत्व सम्बन्धित स्थानिय तह र संचालक समितिले लिनुपर्नेछ।

## परिच्छेद - ४

## विविध

१०. **अन्तिम व्याख्या गर्न सक्ने** : (१) यस कार्यविधिको कार्यन्वयनमा केहि वाधा व्यवधान आइपरेमा वा दुविधा उत्पन्न भएमा मन्त्रालयले सो को अन्तिम व्याख्या गर्न सक्नेछ ।

११. **कार्यविधिमा संशोधन तथा परिमार्जन गर्न सक्ने** : (१) यस कार्यविधिमा आवश्यकता अनुसार मन्त्रालयले समय समयमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।